# जन भावना क्याम्पस

## गोदावरी न.पा.– ११, ललितपुर

### स्थापना २०४७




## वार्षिक प्रगति प्रतिवेदन - २०७८




### २०७८ माघ १६

# विषय सूचि


क्याम्पसको शैक्षिक गतिविधि :........5

भविष्यमा सम्पन्न गर्नुपर्ने काम........5

१. शैक्षिक क्षेत्र........6

(क) कार्यक्रम /सङ्काय........6

(ख) विद्यार्थी सङ्ख्या........6

(ग) वार्षिक नतिजा........6

घ) आन्तरिक परीक्षा व्यवस्था........7

ङ) गुणस्तर सुधारका प्रयास........7

२ प्रशासनिक क्षेत्र........8

(क) जनशक्ति विवरण........8

(अ) सञ्चालक समिति........8

आ) प्राध्यापक........8

इ) प्रशासनिक जनशक्ति........8

ख) पुस्तकालय........9

३. भौतिक विवरण........10

क) जग्गा तथा भवन........10

ख) विभिन्न स्थिर सम्पत्ति........10

४. सङ्क्षिप्त आर्थिक विवरण/अवस्था :........10

५. उपसमिति/ एकाइ........11

६. क्याम्पस सञ्चालन नीति........11

७. सञ्चालक समितिको बैठक र प्रगति विवरण........12

८. समन्वय........13

(क) विश्वविद्यालय अनुदान आयोग........13

(ख) प्रदेश सरकार........13

(ग) स्थानीय सरकार........13

(घ) विभिन्न गैसस तथा बैंक/वित्तीय संस्थाहरु........13

९. छात्रवृत्ति........13

१०. शैक्षिक व्यवस्थापन सुचना प्रणाली (EMIS)........14

११. सामाजिक अवस्था ..... 14

१२. क्याम्पसका सबल पक्षहरु ..... 15

१३. क्याम्पसका दुर्बल पक्षहरु ..... 15

१४. अवसरहरु ..... 16

१५. उपलब्धि ..... 16

१६. योजना ..... 17

(क) दीर्घकालीन ..... 17

ख) अल्पकालीन ..... 17

१७. Nurturing Excellence in Higher Education Program - NEHEP सम्बन्धी व्यवस्था ..... 18

१८. RMC सम्बन्धी व्यवस्था ..... 18

१९. QAA सम्वन्धी ..... 18

२०. Strategic Plan 2017-2021 ..... 18

२१. PSDU सम्बन्धी ..... 19

२२. SQC सम्बन्धी ..... 19

२३. Alumni सम्बन्धी ..... 19

२४. कक्षा ११ र १२ सम्बन्धी ..... 19

**स्थापना २०४७**

## तेह्रौँ क्याम्पस सभा

## सञ्चालक समितिको तर्फबाट सदस्य सचिव शिवराज सञ्जेलद्वारा प्रस्तुत

## वार्षिक प्रगति प्रतिवेदन - २०७८

आदरणीय क्याम्पस सभासद्ज्यूहरु, सल्लाहकारज्यूहरु, समितिका अध्यक्ष तथा सदस्यज्यूहरु ।

जनभावना क्याम्पसको तेह्रौं क्याम्पस सभा-२०७८ को अवसरमा सञ्चालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु । यो गरिमामय सभामा बाह्रौं क्याम्पस सभापछि क्याम्पसले गरेका शैक्षिक, आर्थिक, सामाजिक, भौतिक एवं अन्य क्रियाकलापहरुको प्रगति विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क्याम्पसको उन्नयनमा सभासद्ज्यूहरु, सल्लाहकारज्यूहरु, ।सञ्चालक समितिका सहकर्मी मित्रहरु, प्राध्यापकवर्ग, कर्मचारी, अभिभावक, विद्यार्थी, वागमती प्रदेश सामाजिक विकास मन्त्रालय, विश्व विद्यालय अनुदान आयोग, गोदावरी नगरपालिका, गोदावरी उद्योग वाणिज्य संघ लागएत विभिन्न सङ्घ संस्थाहरु तथा शुभेच्छुकहरुले गर्नुभएको योगदानप्रति उच्च सम्मानका साथ आभार व्यक्त गर्दछु ।

### दूरदृष्टि (Vision)

गुणस्तरीय शिक्षाको माध्यमबाट विश्व बजारमा प्रतिस्पर्धा गर्ने जनशक्ति उत्पादन गरी समाज रुपान्तरण गर्ने उत्कृष्ट नेतृत्वदायी उच्च शैक्षिक संस्थाको रुपमा विकास हुनु यस संस्थाको दूरदृष्टि (Vision) रहेको छ ।

### ध्येय (Mission)

नयाँ ज्ञान उजागर गरी समृद्धितर्फ उन्मुख हुन विद्यार्थीलाई सक्षम बनाई जीवनका चुनौतीहरूको सामना गर्ने प्रतिस्पर्धी योग्य र सिर्जनशील जनशक्ति तयार गर्नु यस संस्थाको ध्येय (Mission) रहेको छ ।

सैद्धान्तिक तथा व्यवहारिक रुपमा सक्षम, गुणस्तरीय, दक्ष र तालिमप्राप्त जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ नवीनतम् शैक्षणिक प्रविधिको प्रयोग गरी समुदायको आवश्यकताअनुरुपको जनशक्ति

उत्पादन गर्ने लक्ष्य रहेको छ । क्याम्पसले समय सापेक्ष उच्च शिक्षा प्रदान गर्दै उत्कृष्ट शैक्षिक केन्द्रको रुपमा रुपान्तरण गर्ने लक्ष्य राखेको छ ।

**क्याम्पसको शैक्षिक गतिविधि :**

विश्व विद्यालय अनुदान आयोगबाट मिति २०७६ साल पुष ७ गते Institutional Accreditation Certificate प्राप्त गरि काठमाण्डौ उपत्यकाकै पहिलो QAA प्राप्त सामुदायीक क्याम्पस हुन सफल भएको छ । यस उपलब्धिबाट क्याम्पसलाई एक उत्कृष्ट शैक्षिक केन्द्रको रुपमा स्थापित गर्ने क्याम्पसको ध्येय प्राप्त गर्न समस्त क्याम्पस परिवारलाई थप उर्जा र प्रेरणा प्राप्त भएको छ । हाल यस क्याम्पसमा स्नातक तह अन्तर्गत मानविकी, व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायका विभिन्न विषयमा अध्यापन भइरहेको छ । स्नातक तह मानविकी सङ्कायमा प्रविधिकधारको Bachelor in Computer Application (BCA) समेत अध्यापन भइरहेको छ । साथै, शिक्षाशास्त्र सङ्कायमा प्रविधिकधारको Bachelor in Information and Communication Technology Education (BICTE) अध्यापन अनुमतिको काम अन्तिम चरणमा रहेको छ । स्नातक तहका तीनवटै सङ्कायमा हाल ६०३ जना विद्यार्थी अध्ययनरत छन् । स्नातकोत्तर तह व्यवस्थापन सङ्कायअन्तर्गत ५३ विद्यार्थीसहित शैक्षिक सत्र २०७८ मा ६५६ जना विद्यार्थी अध्ययनरत छन् ।

२०७७ पुस ११ गते १२औं क्याम्पस सभा सम्पन्न भए पश्चात क्याम्पसमा उल्लेख्य भौतिक विकासका साथै वैकल्पिक विधि समेतको प्रयोग गरि शैक्षिक गुणस्तरलाई कायम राख्न क्याम्पसले यथोचित प्रयास गरेको छ । कोरोना प्रभावको चुनौतिपूर्ण अवस्थामा अबका केही समय शैक्षिक गुणस्तर कायम गर्न पठनपाठनमा सृजनात्मक व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ ।

**भविष्यमा सम्पन्न गर्नुपर्ने काम**

मानविकी सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा हाल प्रभावकारी मानिएका आम सञ्चार र पत्रकारिता तथा समाजशास्त्रको कक्षा सञ्चालन तयारी थाल्नु पर्नेछ । स्नातक तहमा BBA तथा अन्य प्राविधिक, व्यावसायिक तथा सिपमूलक विषय अध्यापन अनुमति प्राप्तिका लागि पहल भइरहेको छ । पत्रकारिता विषयको पूर्वाधारका रुपमा सञ्चालित रेडियो स्टुडियोलाई स्तरोन्नति गरिएसँगै निकट भविष्यमा रेडियोको फ्रिक्वेन्सीको अनुमति प्राप्त गरी नियमित प्रसारणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ । साथै, क्यायापस र समुदाय बीचको सबन्धलाई थप प्रभावकारी बनाउने तथा यस क्याम्पसमा आमसञ्चार विषयमा अध्ययनरत विद्यार्थीहरुको सहभागीतामा विद्यार्थीहरुका लागि अध्ययन सामग्रीको साथमा अनलाइन सञ्चार सुबिधा सहितको

www.jbckhabar.com (अनलाइन सञ्चार, रेडियो, टिभि लाइभको सुविधा सहितको) दर्ता गरि सञ्चालनको अन्तिम चरणमा रहेको छ । Non Credit Course का थप पाठ्यक्रमहरु तयार गर्ने तथा तयार भएका पाठ्यक्रमहरु कार्यान्वयन गर्नुपर्नेछ ।

Digital technology को बढ्दो प्रभावलाई मध्यनजर गर्दै digitalized लाइब्रेरी सञ्चालन गर्ने तयारी गरिएको छ । अनलाइन ल्याव स्थापनाको कार्य सम्पन्न भइ सञ्चालनको कार्य प्रारम्भ गरिएको छ । प्रविधिमैत्री अध्ययन अध्यायपनको कार्यलाई प्रभावकारी तुल्याउनका लागि सुरु गरिएको online learning portal लाई थप व्यवस्थित गरिनेछ । साथै, प्राविधिक, व्यावसायिक तथा सिपमूलक विषयमा Autonomous Program सञ्चालनको लागि विज्ञहरु एवम् सञ्चालक समितिहरुका बिच छलफल चलिरहेको छ ।

## १. शैक्षिक क्षेत्र

**(क) कार्यक्रम /सङ्काय**

(अ) स्नातक तह - मानविकी तथा सामाजिक शास्त्र सङ्काय (BCA कार्यक्रम सहित) ,
शिक्षाशास्त्र सङ्काय र व्यवस्थापन सङ्काय
BICTE स्वीकृतीको अन्तिम चरणमा रहेको

(आ) स्नातकोत्तर तह - व्यवस्थापन सङ्काय

**(ख) विद्यार्थी सङ्ख्या**

| त्ह | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|---|---|
| स्नातक | ४१५ | ५४३ | ५५४ | ५५५ | ६०३ |
| स्नातकोत्तर | २३ | २६ | ३५ | ५६ | ५३ |
| जम्मा | ४३८ | ५६९ | ५८९ | ६११ | ६५६ |

**(ग) वार्षिक नतिजा**

| तह | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|---|---|---|
| स्नातक व्यवस्थापन | ३७.२% | ३६.८४% | ५२.०८ % | ४१.८६ % | ६०.५२ | |
| स्नातक मानविकी | ६९% | ७०.३७ | ६२.५ % | ७३.६८% | ६७.७४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्नातक शिक्षा | ५७.१४% | ३८.४०% | ५२.३८ % | २२.२ % | ९५.६५ | |
| स्नातकोत्तर | २९% | ६३.६४% | ५० % ( बार्षिक प्रणाली मात्र) | ४२.८५ % (सेमेस्टर प्रणाली) | ७७.७८ | |
| BCA तेस्रो सेमेस्टरसम्मको | | | | | ७५ | |

क्याम्पसले नयाँ भर्ना हुने विद्यार्थीहरुको गुणस्तर परीक्षणका लागि उनीहरुको Enrollment Eligibility Test (EET) तथा अन्तरवार्ता लिने व्यवस्था गरेको छ । बोर्ड परीक्षामा सक्षम बनाउन विभिन्न किसिमका आन्तरिक परीक्षाहरुको व्यवस्था गरेको छ । साथै विद्यार्थीहरुको मनोभावना वृद्धि गर्न परामर्श कक्षाहरुसमेत व्यवस्था गरेको छ ।

**घ) आन्तरिक परीक्षा व्यवस्था**

विद्यार्थीहरुको नतिजलाई उत्कृष्ट बनाउन र शैक्षिक गुणस्तर कायम गर्न विश्वविद्यायद्वारा लिइने बोर्ड परीक्षाको अलावा एक शैक्षिक सत्रमा न्यूनतम तिनवटा आन्तरिक परीक्षाको व्यवस्था गरिएको छ । आन्तरिक परीक्षा एवम् बोर्ड परीक्षाको सञ्चालन र व्यवस्थापनका लागि परीक्षा समतिलाई पूनरसंरचना गरि परीक्षा संयोजको अध्यक्षतामा विभागिय प्रमुखहरु सदस्य रहने व्यवस्था गरिएको छ । कार्मचारी व्यवस्थापनका साथै प्ररीक्षा प्रणालीलाई चुस्त बनाउन सफ्टवेयर प्रणाली लागू गरिएको छ ।

**ङ) गुणस्तर सुधारका प्रयास**

विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि थप पहल र कार्यक्रमसमेत सुरु भएका छन् । विगतमा सञ्चालन गरिएका शैक्षिक भ्रमण र अवलोकन भ्रमण कोभिड १९ का कारण स्थगन भएता पनि MS Teams को प्रयोग गरि Online कक्षा सञ्चालन गरिएको छ । क्याम्पसले Moodle Software को प्रयोग गरि आफ्नै Online learning portal https://janabhawana.egskill.com सञ्चालनमा ल्याएको छ । साथै, national/international conferences का लागि digital zoom studio निमार्ण सम्पन्न भएको छ । प्रयोगात्मक कक्षा, प्रस्तुतीकरण कक्षा, Visiting Class लगायतका कार्यक्रमहरु सञ्चालित छन् । क्याम्पसले विभिन्न सङ्घसंस्था, बैङ्क, अस्पताल, व्यवसायिक कम्पनी, सहकारी लगायतका सङ्घसंस्था सँग MOU गरी विद्यार्थीलाई अनुसन्धानमुलक

कार्यमा सहभागी गराउने, internship र job placement का कार्य सुरु भइसकेको छ । यसै सन्दर्भमा क्याम्पसले गोदावरी उद्याग वाणिज्य संघसँग MOU सम्पन्न गरेको छ । यस कार्यलाइ थप विस्तार र निरन्तरता दिइने छ । साथै कक्षा कोठामा smart board र प्रोजेक्टर जडान, सिसी टिभी जडान लगायतका परियोजना सम्पन्न भएका छन् । यसका साथै, प्रशासनिक कोठाहरुमा AC जडान गर्ने, भौतिक निर्माण तर्फ फेसेट ट्रिटमेन्ट गर्ने तथा कक्षा कोठाहरुमा पोडिम, बेन्च लागाएतका सामग्रीहरु थप गर्ने कार्य सम्पन्न भएका छन् । पत्रकारिताका विद्यार्थीलाई गत वर्षदेखि सञ्चारमाध्यमसँग अन्तरक्रिया गराउने, रिपोर्टिङ गराउने कार्य सुरु भएको छ भने क्याम्पसका तर्फबाट www.jbckhabar.com सञ्चालनको अन्तिम चरणमा रहेको छ । विद्यार्थीहरुलाई श्रम बजारको मागअनुरुप दक्षतावृद्धिका लागि Non-Credit Course विकास गर्ने कार्य प्रारम्भ भएको छ ।

## २ प्रशासनिक क्षेत्र

### (क) जनशक्ति विवरण

**(अ) सञ्चालक समिति**

क्याम्पस विधानअनुसार गोदावरी नगरपालिकाका प्रमुख र त्रिभुवन विश्वविद्यालयका एक प्रतिनिधि पदेन सदस्य रहने गरी क्याम्पस सञ्चालक समितिमा १५ जना सदस्यहरु रहने व्यवस्था छ । शिक्षाविद्, विद्वत वर्ग, सामाजिक कार्यकर्ता, राजनीतिज्ञ, स्थानीय निकायका प्रतिनिधिहरुसमेतको क्याम्पस सभाबाट सञ्चालक समितिको गठन हुने व्यवस्था रहेको छ । गत क्याम्पस सभा पश्चात् हालसम्म ८ पटक सञ्चालक समितिको बैठक बसी व्यवस्थापन पक्षका बारेमा छलफल तथा विभिन्न निर्णयहरु गरिएको छ ।

**आ) प्राध्यापक**

क्याम्पसमा ७ जना स्थायी, ६ जना अस्थायी, ८ जना करार र ठ जना आंशिक करारमा प्राध्यापनरत प्राध्यापक हुनुहुन्छ । क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरु प्राज्ञिक क्षेत्रमा लामो अनुभव सँगालेका व्यक्तिहरु हुनुहुन्छ ।

**इ) प्रशासनिक जनशक्ति**

क्याम्पसको दैनिक प्रशासन सञ्चालनार्थ ६ जना दक्ष जनशक्तिको व्यवस्था गरिएको छ । कर्मचारीतर्फ १ जना स्थायी, ३ जना अस्थायी, २ जना करारमा कार्यरत छन् । साथै १ जना स्थायी

र २ जना करार  गरि ३ जना सहयोगी कर्मचारीको रुपमा रहेका छन् । कुचिकारको रुपमा १ जना कर्मचारी कार्यरत रहेका छन् भने १ जना सुरक्षा गार्डको व्यवस्था गरिएको छ । दैनिक कार्यसम्पादनमा सहज होस् भन्ने उद्देश्यले १५  ओटा प्रशासनिक विभाग, सेल तथा युनिटहरु खडा गरिएको छ । जसअन्तर्गत, लेखा, परीक्षा, प्रशासन, पुस्तकालय, शैक्षिक व्यवस्थापन सुचना प्रणाली (EMIS) इकाइ, अनुसन्धान व्यवस्थापन (RMC) इकाइ, उच्च शिक्षा सुधार परियोजना (HERP), IQAC, Health Care Management, Student Counselling and Employment Support Cell, PSDU, PIC, SQC लगायत छन् ।

**ख) पुस्तकालय**

पुस्तकालयमा पुस्तक, जर्नल, थेसिस तथा पत्रपत्रिका उपलब्ध छन् । क्याम्पसमा सञ्चालित पुस्तकालयलाई सुविधा सम्पन्न बनाउन विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षा सुधार परियोजनाको सहयोगमा  पुस्तक तथा जर्नलहरु थप गरिएको छ ।  E-library लाई थप प्रभावकारी बनाउन corporate/dedicated internet जडान गरिएको छ । क्याम्पसले ई-लाइब्रेरीलाई प्रभावकारी बनाउन म्युमोलस सफ्टवेयर  (Momulos) प्रभावकारी कार्यान्वयनमा ल्याइसकिएको छ । पुस्तकालयलाई DDC system मा आधारित बनाई थप व्यवस्थित बनाउनुका साथै NELIC को Counsortium member मा link up गरिएको छ । साथै, हरेक विभागहरुमा Departmental library को विकास गरी पुस्तक, जर्नल, थेसिस आदि उपलब्ध गराइएका छन् । आगामी दिनमा internet connection को प्रभावकारी प्रयोग गरी JSTOR / Project Muse को सुबिधा थप गरी पुस्तकालयलाई समय सापेक्ष  बनाइने छ ।

साथै, यसै वर्ष त्रि.वको केन्द्रीय पुस्तकालयसँग सम्झौता गरि यस क्याम्पसका सम्पूर्ण प्राध्यापकहरु तथा स्नातकोत्तर अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई Remotexs को माध्यमबाट त्रि.वि.को Central Library तथा National Digital Library of India का सामग्रीहरुमा पहँच उपलब्ध गराइएको छ । पुस्तकालयलाई थप व्यवस्थित र प्रविधियुक्त बनाउनका लागि पुस्तकालयमा कार्यरत कर्मचारीलाई केन्द्रिय पुस्तकालय मार्फत तालिममा सहभागी गराइएको छ ।

## ३. भौतिक विवरण

### क) जग्गा तथा भवन

क्याम्पसको नाममा २ ओटा पक्की भवनसहित ५ रोपनी ९ आना जग्गा रहेको छ । शैक्षिक कार्यक्रम र विद्याथी सङ्ख्याको अनुपातमा जग्गा अपुग देखिएको छ । गोदावरी नगरपालिका वडा नं. १० र ११ मा २५-१४-०-० जग्गा प्राप्तिको लागि नगरपालिकाको सिफारिसमा जिल्ला जग्गा व्यवस्थापन समितिबाट निर्णय भई भोगाधिकारको निमित्त प्रक्रियामा रहेको छ । क्याम्पसले Master Plan तयार गरिसकेको छ । गोदावरी नगरपालिका वडा नं. ५ लेलेमा रहेको २-९-०-० जग्गालाई अनुसन्धान केन्द्रका रुपमा विकास गर्ने कार्यक्रम र योजना तर्जुमा सुरु भएकोमा सो कार्यलाई निरन्तरता दिइने छ ।

### ख) विभिन्न स्थिर सम्पत्ति

क्याम्पसका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यक पर्ने प्रविधिका समग्री (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड, फोटोकपी मेसिन, ल्यापटप आदी), फर्निचिरलायतका भौतिक सम्पत्तिहरु पर्याप्त रहेको छ । यद्यपि थप कार्यक्रम तथा सङ्काय सञ्चालनमा आएपछि स्थिर सम्पत्ति थप गर्नुपर्ने देखिन्छ । BCA कार्यक्रमको निरन्तरताका लागि र विद्यार्थीहरुलाई कम्प्युटर शिक्षा प्रदान गर्न अत्याधुनिक कम्प्युटर ल्याब निर्माण गरी सञ्चालनमा रहेको छ । यसै बर्षबाट Online Lab सञ्चालनमा आएको छ । Digital zoom studio को निर्माण कार्य सम्पन्न भएको छ ।

## ४. सङ्क्षिप्त आर्थिक विवरण/अवस्था :

| आ.व. | कुल सम्पत्ति तथा दायित्व | कुल आम्दानी | कुल खर्च (ह्रास व्यवस्था बाहेक) |
|---|---|---|---|
| ०७२/७३ | ११८७८७७३।६२ | १०१२३३७४।६७ | ९२७४३२८।८९ |
| ०७३/७४ | १४,९०९,०३९।५० | १४,२९१,५४७।०८ | १३,३६१,८६५।९९ |
| ०७४/७५ | २,१४,१३,५७८।00 | १,४८,४१,९४२।१२ | १,४४,८६,०६२।४६ |
| ०७५/७६ | २,९२,१८,७९४।४७ | १,८८,७४,५९९।०५ | १,८६,७८,४२३।९६ |
| ०७६/०७७ | ४,८६,६६,३११।४१ | २,४४,३२,१९३।७३ | १,९४,८६,३४७।५५ |
| ०७७/०७८ | ५,०७,३२,२३९।५२ | १,९४,३९,०१५।२७ | १,६४,३२,७०३।४५ |

आर्थिक वर्ष ०७७।०७८ को लेखा परीक्षण प्रतिवेदनअनुसार कुल आम्दानी रु ५,०७,३२,२३९।५२ देखिन्छ भने कूल खर्च (ह्रास कट्टी बाहेक) रु १,६४,३२,७०३।४५ देखिन्छ । भौतिक पूर्वाधारको विकास तीव्र गतिमा गरिरहनु पर्दा, कोरोना महामारीको प्रभाव, विद्यार्थीको उच्च शिक्षा अध्ययन गर्ने दर घट्दासमेत क्याम्पसको आर्थिक अवस्था सवल नै मान्नु पर्दछ । क्याम्पसको शैक्षिक तथा भौतिक अवस्थालाई गुणस्तरीय बनाउन र नतिजा वृद्धिका लागि स्रोत जुटाइ परिचालन गर्न सक्दा क्याम्पस समृद्ध बन्नेछ ।

**५. उपसमिति/ एकाइ**

क्याम्पसको शैक्षिक कार्यक्रमलाई चुस्तता दिनको लागि विभिन्न उपसमिति तथा विभागको नीतिगत रुपमा व्यवस्था भएको छ । क्याम्पसमा हाल निम्न समितिहरु क्रियाशील छन्:

१. शैक्षिक परामर्श समिति

२. सङ्काय समिति

३. विभाग

४. परीक्षा समिति

५. अतिरिक्त क्रियाकलाप समिति

६. पदपूर्ति उपसमिति

७. छात्रवृत्ति छनौट समिति

८. पुस्तकालय व्यवस्थापन समिति

९. खरिद उपसमिति

१०. Self Assessment Team

११. अनुसन्धान व्यावस्थापन एकाइ (RMC)

१२. Student Conunselling and Employment Support Cell

१३. IQAC

१४. Student Quality Circle (SQC)

१५. Public Information Cell (PIC)

**६. क्याम्पस सञ्चालन नीति**

१. क्याम्पस विधान

२. शैक्षिक प्रशासन विनियम २०७०

३. आर्थिक प्रशासन विनियम २०७०

४. शिक्षक कर्मचारीसम्बन्धी विनियम २०७०

५. छात्रवृत्ति निर्देशिका २०७३

६. एम.फिल (M.Phil), पि.एच.डी (PHD) अध्ययन सहयोग निर्देशिका २०७४

७. Research Management Cell Guidelines – 2021

८. Student Conunselling and Employment Support Cell Guidelines-2077

९. Professional Skill Devlopment Unit (PSDU) Guidelines – 2075

१०. Policy against Sexual Abuse, Exploitation and Harassment - 2022

**७. सञ्चालक समितिको बैठक र प्रगति विवरण**

गत वर्षको क्याम्पस सभा पश्चात् सञ्चालक समितिको बैठक ८ पटक बसी विभिन्न प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो । शैक्षिक प्रशासन विनियममा व्यवस्था भएबमोजिम शैक्षिक परामर्श समितिको वैठक बसी वार्षिक कार्ययोजना प्रगति विवरण सञ्चालक समिति समक्ष पेश गर्ने कार्य सम्पन्न भयो । यस अवधिमा सञ्चालक समितिद्वारा भएका महत्वपूर्ण निर्णय सङ्क्षेपमा निम्नानुसार रहेका छन्:

१. अनुसन्धान व्यवस्थापन निर्देशिका २०७४ लाई प्रतिस्थापन गरि Research Management Cell Guidelines – 2021 अनुमोदन गरि लागू गर्ने निर्णय गरिएको ।

२. क्याम्पसको शैक्षिक, प्राज्ञिक एवम् सामाजिक वातावरण स्वच्छ बनाउन यौन दुरब्यवहार, यौन शोषण जस्ता समस्या आएमा ती समस्याहरुको समाधानको लागि एक उपसमिति गठन गरि Policy against Sexual Abuse, Exploitation and Harassment – 2022 निर्देशिका तयार भएको ।

३. त्रिभुवन विश्व विद्यालयको केन्द्रिय पुस्तकालयले सञ्चालनमा ल्याएको Remote Access Portal https://tucl.remotexs.com मा आबद्ध भइ उक्त पोर्टलमा उपलब्ध Digital e-resources शैक्षिक तथा अनुसन्धान प्रयोजनका लागि प्रयोग गर्ने निर्णय गरिएको ।

४. शिक्षाशास्त्र सङ्कायमा प्रविधिकधारको Bachelor in Information and Communication Technology Education (BICTE) अध्यापन अनुमतिको लागि निर्णय गरिएको ।

५. Digital Zoom Studio निमार्ण गर्ने निर्णय गरिएको ।

## ८. समन्वय

**(क) विश्वविद्यालय अनुदान आयोग**

क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदान पाउनुका साथै गुणस्तर सुधार कार्यक्रमहरुमा सहयोग प्राप्त गरिरहेको छ । यस क्याम्पसले उच्च शिक्षा सुधार परियोजनाको काम गरिरहेको र २०२० डिसेम्बरबाट परियोजनाको अवधी सकिएको र नयाँ परियोजनाको लागि क्याम्पसले आवश्यक तयारी गरिरहेको छ । विश्वविद्यालय अनुदान आयोगको सहयोगमा यस वर्ष Academia Industry Dialogue र University Community Linkage Program सम्पन्न भएका छन् ।

**(ख) प्रदेश सरकार**

क्याम्पसले प्रदेश सरकार, ३ नं. प्रदेशबाट Digital Zoom Studio निर्माणको लागी गत वर्ष रु ११,९८,६०६.००।- अनुदान सहयोग प्राप्त गरी कार्यक्रम सम्पन्न भएको छ ।

**(ग) स्थानीय सरकार**

गोदावरी नगरपालिकाले जनभावना क्याम्पसलाई जग्गाको भोगाधिकारको निमित्त सम्बन्धित निकायहरुमा सिफारिस गरेको छ । उक्त सिफारिस अनुसार आवश्यक प्रकृया अगाडी बढी सकेको र उक्त जग्गामा भौतिक निर्माणको Master Plan तयार भएको छ । सामुदायिक क्याम्पसहरुलाई दिइने नियमित अनुदान रु ७,००,०००/- (सात लाख रुपैंया) छुट्याएको छ ।

**(घ) विभिन्न गैसस तथा बैंक/वित्तीय संस्थाहरु**

क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको क्षमता अभिवृद्धि र इन्टर्नसिपका लागि विभिन्न गैरसरकारी संस्था, गदावरी उद्योग वाणिज्य संघ, अस्पताल, बैंक तथा सहकारी संस्थाहरुसँग MOU गरिएको छ ।

## ९. छात्रवृत्ति

१. आर्थिक रुपले विपन्न र जेहेन्दार विद्यार्थीहरुका लागि क्याम्पसले हाल निम्नानुसारका छात्रवृत्ति प्रदान गरिरहेको छ । क्याम्पसमा अध्ययनरत स्नातक र स्नातकोत्तर तहका गरिब तथा जेहेन्दार विद्याथीहरुलाई छात्रवृत्ति प्रदान गर्न गोदावरी नगरपालिका वडा नं.१० निवासी राजेन्द्रप्रसाद न्यौपाने, कपिलदेव न्यौपाने, ध्रुव न्यौपाने, सीता न्यौपाने र इन्दिरा न्यौपानेद्वारा आफ्ना

ममतामयी मातापिता स्वर्गीय भोजकुमारी न्यौपाने र स्वर्गीय पिता माधवप्रसाद न्यौपानेको स्मृतिमा **माधवप्रसाद भोजकुमारी न्यौपाने छात्रवृत्ति कोष**को रुपमा रु ३,००,०००।-(अक्षरेपी तीन लाख रुपैयाँ मात्र) प्रदान गरिएको छ । **डा. मुकुन्दबहादुर श्रेष्ठ उच्च शिक्षा छात्रवृत्ति**को लागि रु १,५०,०००।-(अक्षरेपी एक लाख पचास हजार रुपैयाँ मात्र) उहाँकी धर्मपत्नी सुमुखी श्रेष्ठबाट प्राप्त भएकोले क्याम्पस र दाताबिचमा MOU भैसकेको छ। ज्ञान बहादुर बोगटीद्वारा रु १,००,०००/- को अक्षयकोष स्थापना भएको छ ।

यस क्याम्पस सभाको अवसरमा म उहाँहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

(क) अक्षय कोष

- मुकुन्दबहादुर श्रेष्ठ उच्च शिक्षा छात्रवृत्ति
- स्व.माधवप्रसाद न्यौपाने र स्व. भोजकुमारी न्यौपाने छात्रवृत्ति

(ख) RHEST in Honor of Amar छात्रवृत्ति

(ग) क्याम्पसको आन्तरिक स्रोतबाट गरिब, जेहेन्दार, दलित, सीमान्तकृत, अपाङ्ग छात्रवृत्ति

२. क्याम्पसमा अध्ययनरत स्नातक र स्नातकोतर तहका गरिव तथा जेहेन्दार विद्यार्थीहरु मध्ये छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्न थप अक्षयकोषहरुको व्यवस्था गरिएको छ ।

## १०. शैक्षिक व्यवस्थापन सुचना प्रणाली (EMIS)

क्याम्पसको शैक्षिक कार्यक्रम तथा गतिविधिहरुलाई कम्प्युटराइज्ड गरी एकीकृत सुचना प्रणालीमा लाने कार्य भएको छ । जसअन्तर्गत हाल वेवसाइट निर्माण भैसकेकोमा स्तरोन्नति गरिएको छ । कम्प्युटराइज्ड सुचना प्रणालीको विकास गरिएको छ । विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरुको विवरणलाई अद्यावधिक गरी एकीकृत प्रणालीमार्फत कम्प्युटराइज्ड गरिएको छ । गत वर्षबाट एकीकृत सुचना प्रणालीको लागि Era Soft सफ्टवेयर प्रयोगमा ल्याइएको छ । यसले लेखा, परीक्षा, पुस्तकालय, विद्यार्थीहरु, विभाग र Cell सम्बन्धी विवरणलाई एकीकृत रुपमा अभिलेख राख्न सघाउ पुऱ्याएको छ ।

## ११. सामाजिक अवस्था

ललितपुरका गाउँपालिका, नगरपालिकालगायत देशका विभिन्न प्रदेश एवम् जिल्लाहरुबाट गरिब, असहाय, दलित, जनजाति समूहका विद्यार्थीहरुसमेत यस क्याम्पसमा अध्ययनरत छन् । त्यस्ता समूहका विद्यार्थीहरुलाई उच्च शिक्षामा सक्दो सहयोग गर्नु र अवसर प्रदान गर्नु यस क्याम्पसको

दायित्व रहेको छ । तसर्थ आफ्नो दायित्त्व पूरा गरी उच्च शिक्षालाई सर्वसुलभ बनाउन क्याम्पस प्रयत्नरत रहिरहनेछ ।

## १२. क्याम्पसका सबल पक्षहरु

- क्याम्पसप्रति विद्यार्थी, अभिभावक र समुदायको विश्वास हुनु
- उच्च शिक्षा सुधार परियोजना (HERP) मा छनौट भई QAA Certified हुनु
- Learning Management System को व्यवस्थापन हुनु ।
- नियमित आवधिक परीक्षा सञ्चालन गरिनु
- अध्ययन, अनुसन्धानका लागि उपयुक्त वातावरण हुनु
- क्याम्पस र स्थानीय सरकारबिच सुमधुर सम्बन्ध हुनु
- विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत राम्रो हुनु
- दक्ष, अनुभवी प्राध्यापक तथा मेहनती एवम् अनुशासित विद्यार्थी हुनु
- सुविधा सम्पन्न कम्प्युटर ल्याब, अनलाइन ल्याब र प्रविधिमा आधारित शिक्षण प्रणालीका को व्यवस्था हुनु
- अन्य विश्व विद्यालयसँग सम्बन्ध विस्तार हुनु
- ई-पुस्तकालय सञ्चालन हुनु
- विद्यार्थी सङ्ख्यामा वृद्धि हुनु

## १३. क्याम्पसका दुर्बल पक्षहरु

- विद्यार्थी सङ्ख्याको अनुपातमा भौतिक पूर्वाधारको कमी हुनु
- ई-लाईबेरीको प्रयोगमा कमी हुनु
- खेलकुद मैदान तथा खेल सामग्रीको अभाव हुनु
- ध्वनि तथा वायु प्रदूषणले अध्ययन अध्यापनमा बाधा पुग्नु
- आधुनिक शैक्षणिक उपकरणको अपर्याप्तता
- पूर्वाधार विकासका लागि आर्थिक स्रोतको कमी हुनु
- प्रशासनिक जनशक्तिलाई तालिमको कमी

**१४. अवसरहरु**

- उपयुक्त भौगोलिक अवस्थिति
- बृहत् सेवा क्षेत्र
- यातायातको सुविधा
- सरकारी, राजनैतिक, सामाजिक संस्थाहरुसँग सुमधुर सम्बन्ध
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरुसँगको सम्वन्ध विस्तार
- अनुसन्धानमूलक शिक्षण सिकाइको सम्भावना
- गोदावरी नगरपालिकाद्वारा वडा नं. १० र ११ मा २५-१४-०-० जग्गा सिफारिस भएको

**१५. उपलब्धि**

- उच्च शैक्षिक संस्थाको रुपमा स्थापित भएको
- पाँच वर्षे रणनीतिक योजना लागू भएको
- QAA प्रक्रियामा संलग्न भई Institutional Accreditation Certificate प्राप्त भएको
- क्रमिक रुपमा भौतिक एवम् शैक्षिक विकास भएको
- स्थानीय सरकारले क्याम्पसका लागि जग्गा प्रदान गर्ने निर्णय गरी सम्बन्धित निकायमा सिफारिस भएको
- अक्षय कोष र छात्रबृत्ति कोष बृद्धि हुँदै गएको
- रेडियो स्टुडियो सञ्चालनमा आएको

उल्लिखित उपलब्धिसँगै पर्याप्त भौतिक पूर्वाधारको विकास गर्नुपर्ने, निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने चुनौती रहेका छन् । यसका अतिरिक्त पर्याप्त आर्थिक स्रोतको विकास, विद्यार्थी कक्षा छाड्ने दर घटाउनु, वैदेशिक रोजगारीका निमित्त विद्यार्थीको आकर्षण, पूर्वाधार निर्माण गर्नु जस्ता चुनौतीहरूको सामना गर्नुपर्नेछ ।

## १६. योजना

**(क) दीर्घकालीन**

- प्राप्त गुणस्तर सुनिश्चिता तथा प्रत्यायन (Quality Assurance and Accrediation- QAA) को निरन्तरता र शैक्षिक गुणस्तर बृद्धि गर्न तयार गरिएको Sustainability Plan लाई कार्यान्वयन गर्ने ।
- स्वायत्त शैक्षिक कार्यक्रमहरु सञ्चालन गरी Autonomous Campus को रुपमा विकास गर्न Autonomous program को सम्भाव्यता अध्ययनको लागि कार्य अगाडी बढाउने ।
- प्राविधिक, व्यावसायिक तथा सिपमुलक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने
- Master Plan अनुरुप संरचना (प्रशासनिक भवन, शैक्षिक भवनहरु, छात्रावासहरु, अतिथि आवासगृह, एपिथिएटर, खेलमैदान) निर्माण गर्ने
- अन्य विश्व विद्यालय एवम् उच्च शिक्षा प्रदान गर्ने संस्थाहसँग सम्बन्ध कायम गर्ने
- M.Phil, Phd अध्ययन सहयोगलाई निरन्तरता दिने
- औद्योगिक प्रतिष्ठानहरुसँग सम्बन्ध विस्तार गरी सझेदारीका कार्यक्रम सञ्चालन गर्ने
- ५ वर्षभित्र १ करोड रुपैयाँसम्मको अक्षयकोषको स्थापना गर्ने
- Institutional Social Responsibility (ISR) लाई निरन्तरता दिइने छ

**ख) अल्पकालीन**

- E-Library लाई JSTOR र Project Muse सँग link up गरी प्रभावकारिता बिस्तार गर्ने
- जनभावना एफ.एम.सञ्चालन गर्ने
- पठनपाठन कार्यलाई समयसापेक्ष आधुनिक र प्रविधियुक्त बनाउने
- स्नातक र स्नातकोत्तर तहको शिक्षालाई अनुसन्धानमुलक बनाउने
- इन्टर्नसिपको व्यवस्थालाई विस्तार गर्ने
- Paperless Management लाई जोड दिने
- Mass Communication Lab लाई सुदृढ गर्ने
- CCTV जडान कार्यलाई पूर्णता दिने
- Smart Board को प्रयोग बढाउने
- Online lab को थप बिस्तार र उच्चतम प्रयोग गर्ने

- Online सञ्चार www.jbckhabar.com सञ्चालनमा ल्याउने
- Digital Zoom Studio सञ्चालनमा ल्याउन

**१७. Nurturing Excellence in Higher Education Program - NEHEP सम्बन्धी व्यवस्था**

उच्च शिक्षा सुधार परियोजनामा छनौट भई HERP कार्यक्रममा सहभागी भइ रहेकोमा विश्वविद्यालय अनुदान आयोगले उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम सन् २०२१ देखि सन् २०२६ सम्म का लागि Nurturing Excellence in Higher Education Program - NEHEP कार्यक्रम लागू गरेको हुँदा सोही अनुरुप सो कार्यक्रममा सहभागीताको लागि आवश्यक तयारी गरिएको छ । यस कार्यक्रमको प्रमुख उद्देश्य ज्ञानमा आधारित समाज र अर्थतन्त्रको विकासका लागि उच्चशिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानमुखी, प्रविधिमैत्री, रोजगरोन्मुख र समावेशी बनाउँदै लैजानु रहेकोछ ।

**१८. RMC सम्बन्धी व्यवस्था**

उच्च शिक्षालाई अनुसन्धानमुलक बनाउन एवम् प्राध्यापक विद्यार्थीहरुलाई अनुसन्धान कार्यमा संलग्न गराउन प्राज्ञिक उन्नयनको लागि सोध तथा अनुसन्धान शाखाको गठन भए पश्चात Janabhawana Research Journal प्रकाशित भएको छ । यसै वर्ष RMC Guidelines 2021 सञ्चालक समितिबाट अनुमोदन भई लागू भएको छ । आगामी अंकदेखि Peer Reviewed Journal प्रकाशन गर्ने तयारी गरिएको छ ।

**१९. QAA सम्वन्धी**

क्याम्पसले Institutional Accreditation Certificate प्राप्त गरेको छ । आगामी दिनमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्न Sustainability Plan सहितको Comprehensive Plan तयार गरि लागू गरिएको छ ।

**२०. Strategic Plan 2017-2021**

क्याम्पसको दीर्घकालीन र अल्पकालीन रणनीतिक योजना Strategic plan 2017-2021 अनुसार कार्य गरी कार्य योजनाअनुरुप प्रगति भएको छ । योजना अनुसारका कार्ययोजना Work Plan र

Operational Calendar लागू गरिएको छ । सो रणनीतिक योजनाको समयावधि सकिएको हुँदा Strategic Plan 2022-2027 निर्माणको तयारी थालिएको छ ।

## २१. PSDU सम्बन्धी

विश्वविद्यालयले निर्धारण गरेको पाठ्यक्रमको अलावा विद्यार्थीहरुलाई श्रमबजारको आवश्यकता अनुरुपको सिप तथा क्षमता विकास गर्न Professional Skill Development Unit (PSDU) खडा गरी कार्य आरम्भ गरेको छ ।

## २२. SQC सम्बन्धी

क्याम्पसले विद्यार्थीहरुलाई स्वअनुशासनमा रहि शैक्षिक गुणस्तर अभिबृद्धिका निमित्त Student Quality circle को गठन गरेको छ । यस समितिका अध्यक्षलाई क्याम्पस सभा सदस्य र छात्रवृत्ति छनौट समितिमा प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ ।

## २३. Alumni सम्बन्धी

क्याम्पसले पूर्व विद्यार्थीहरुलाई क्याम्सप्रति उत्तरदायी बनाई सहयोग आदानप्रदान गर्न Alumni को गठन गरेको छ । यस समितिका अध्यक्षलाई क्याम्पस सभा सदस्य समितिमा प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ ।

## २४. कक्षा ११ र १२ सम्बन्धी

२०४७ सालमा त्रिभुवन विश्वविद्यालयबाट प्रमाणपत्र तह सञ्चालनका निमित्त सम्बन्धन प्राप्त गरी सेवा सुरु गरेको यस क्याम्पसले त्रिभुवन विश्वविद्यालयबाट प्रमाणपत्र तह Phase Out पस्चात कक्षा ११ र १२ सञ्चालनको अनुमति प्राप्त गरेको व्यहोरा यहाँहरुमा अवगतै छ । हाल क्याम्पसले कक्षा ११ र १२ को निमित्त छुट्टै व्यवस्थापन समिति गठन गरि छुट्टै प्रधानाध्यापकको समेत व्यवस्था गरेको छ । गत शैक्षिक सत्रबाट ११ र १२ को कक्षाहरुलाई बिहानको सट्टा दिवा सत्रमा सञ्चालन गरिएको छ । विद्यार्थीको आकर्षणका कारण कक्षा ११ र १२ तर्फ यस क्याम्पसमा ललितपुर जिल्लाका प्रायः सबै स्थानीयतहबाट विद्यार्थीहरुको उपस्थिति रहेको छ । Hotel Management, Mass Communication जस्ता व्यवसायउन्मूख शैक्षिक विषयको अध्ययनमा विद्यार्थीहरुको आकर्षण रहेको छ । विद्यार्थी मैत्री शिक्षण सिकाईले गर्दा क्याम्पसले आफ्नो सेवा क्षेत्र भित्रका विद्यार्थीहरुलाई

अध्ययनमा सन्तुष्टि प्रदान गरेको छ । हाल उक्त तहमा कक्षा ११ मा ६६ जना र कक्षा १२ मा ८० जना गरि जम्मा १४६ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।

अन्त्यमा, क्याम्पस सभामा उपस्थित भई क्याम्पसको योजना निर्माणसहितका महत्वपूर्ण निर्णय गर्नुहुने सम्पूर्ण क्याम्पस सभासद्ज्यूहरूलाई हार्दिक धन्यवाद दिँदै प्रस्तुत प्रतिवेदन पारित गरिदिनुहुन अनुरोध गर्दछु । क्याम्पसको शैक्षिक तथा भौतिक विकासमा सदाझैँ यहाँहरुको अमूल्य सहयोग प्राप्त हुने विश्वास गर्दछु ।

धन्यवाद !

शिवराज सञ्जेल

सदस्य सचिव

१६ माघ २०७८